| मिति २०८२/०४/२१ गतेको प्रदेश विकास समस्या समाधान समितिको बाह्रौं बैठकका निर्णय (राष्ट्रिय विकास समस्या समाधान समितिमा पेश गर्नुपर्ने विषय) | |
|---|---|
| सि.न | निर्णय |
| १ | विगतमा प्रदेश विकास समस्या समाधान समितिको निर्णयानुसार राष्ट्रिय विकास समस्या समाधान समितिमा पेश भई हालसम्म कार्यान्वयन नभएका निर्णय कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पुनः अनुरोध गर्ने। |
| २ | नवलपरासी (ब.सु.पू.) जिल्ला विनयत्रिवेणी गाउँपालिकाको दुम्किबास देखि त्रिवेणीसम्मको हुलाकी मार्गको जम्मा ८ कि.मी. सडक निर्माण हुन नसक्दा उक्त स्थानीय तहका दुई वडाका नागरिक गाउँपालिकाको केन्द्र आवतजावत गर्न लुम्बिनी प्रदेश भई (झण्डै ५१ कि.मी पार गरी) आउनुपर्दा कठिनाई भएको हुँदा सडक निर्माणमा आवश्यक सहजीकरण गर्न नेपाल सरकारलाई अनुरोध गर्ने। |
| ३ | नेपाल सरकारको स्वामित्वमा रही प्रदेश सरकारले उपभोग गरिरहेका जग्गा तथा भवनको स्वामित्व प्रदेश सरकारलाई हस्तान्तरण गर्न र प्रदेश सरकारलाई आवश्यक पर्ने जग्गाको भोगाधिकार प्राप्तीको प्रक्रिया सहजीकरण गरिदिन नेपाल सरकार समक्ष अनुरोध गर्ने। |
| ४ | प्रदेश सरकारको क्षेत्राधिकार स्पष्टताका लागि नेपाल सरकारबाट परिमार्जनको चरणमा रहेको कार्यविस्तृतीकरण प्रतिवेदनमा प्रदेश सरकार र स्थानीय तहबाट पेश भएका सुझाव कार्यान्वयन हुने गरी यथाशीघ्र कार्यविस्तृतीकरण प्रतिवेदन परिमार्जनका लागि नेपाल सरकारलाई पुनः अनुरोध गर्ने। |
| ५ | संघीय अनुदान अन्तर्गत सशर्त, विशेष र समपुरक तर्फका आयोजना म्याद सकिएपछि दायित्व प्रदेशमा मात्र सर्दा प्रदेशको दायित्व बढ्दै गएकाले संघीय अनुदानमा सञ्चालित आयोजना सम्पन्न नहुँदासम्म आवश्यक स्रोतको व्यवस्थाका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने। (उदाहरणः संघ सशर्त अनुदानमा सञ्चालित खानेपानी तर्फका १९६ वटा आयोजनाहरु निर्माण सम्पन्न नहुँदै चालु आर्थिक वर्ष २०८२/८३ मा वजेट विनियोजन नहुँदा अधुरा रहन गएका आयोजना सम्पन्न गर्न लगभग रू १ अर्ब ७० करोड रकम तत्काल आवश्यक रहेको) |
| ६ | संघीय खानेपानी तथा सरसफाइ नियमावली, २०८१ मा प्रदेशको कार्यक्षेत्रभित्र तोकिएको खानेपानी तथा सरसफाइ आयोजनाको मापदण्ड कार्यान्वयनका लागि व्यवहारिक नभएकोले सोको यथाशिघ्र संशोधनको लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने। |
| ७ | संघ सरकारबाट सञ्चालित सूचना प्रणाली (PLMBIS, RMIS, EDLVRS र PIS) मार्फत प्रदेशलाई आवश्यक पर्ने Features र Customized प्रतिवेदन प्राप्त गर्न सक्ने पहुँच उपलब्ध गराउन नेपाल सरकार समक्ष अनुरोध गर्ने। साथै, प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा वार्षिक कार्यक्रमका अलावा त्रैमासिक/वार्षिक प्रगति र विषयगत मन्त्रालयका क्षेत्रगत उपलब्धी समेत प्रविष्ट गर्ने व्यवस्थाका लागि अनुरोध गर्ने। |
| ८ | संविधानतः सिमसार क्षेत्रको व्यवस्थापन संघ सरकारको एकल अधिकार क्षेत्र भित्र पर्ने भएकोले गण्डकी प्रदेशको पोखरामा अवस्थित अन्तराष्ट्रिय महत्वको रामसार सूचिमा सुचिकृत Lake Cluster of Pokhara Valley अन्तर्गतका ९ वटा तालको दिगो संरक्षण र व्यवस्थापन गरी पर्यापर्यटन मार्फत अर्थोपार्जन गर्न प्रदेश र स्थानीय तहसँगको सहकार्य र समन्वयमा विशेष व्यवस्थापन योजना बनाई कार्यान्वयन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने। |
| ९ | संघीय वन तथा वातावरण मन्त्रालयले वन क्षेत्रको लागि स्वीकृत गरेको "वन, वनस्पति तथा भू संरक्षणसम्बन्धी विकास कार्यक्रमका लागि दर विश्लेषण नर्मस्, २०७०" लाई समय सान्दर्भिक हुने गरी संसोधन गर्न, प्रकृतिमा आधारित समाधान (Nature Based Solution), वातावरणीय सेवा प्रदानसँग सम्बन्धित विषयवस्तुहरु समेत नर्मसमा समावेश गर्न नेपाल सरकारलाई अनुरोध गर्ने। |
| १० | बँदेल र बाँदरलाई नेपाल सरकारले गत आर्थिक वर्ष कृषिका लागि हानिकारक वन्यजन्तु घोषणा गरेकोमा, बँदेल र बाँदरको प्रकोपमा कमी नआएकाले चालु आर्थिक वर्षमा समेत कृषिका लागि हानिकारक वन्यजन्तु घोषणा गर्न संघीय वन तथा वातावरण मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने। |
| ११ | संविधानतः कृषि आयमा कर प्रदेश सरकारको एकल अधिकारको क्षेत्र रहे तापनि यस सम्बन्धमा नेपाल सरकारले आर्थिक ऐनमा छुटको व्यवस्था गर्दा नागरिकलाई कृषि आयमा कर तिर्न नपर्ने भ्रम सिर्जना भएको देखिन्छ। तसर्थ, कृषि आयको करका सन्दर्भमा स्पष्ट व्यवस्थाका लागि नेपाल सरकारलाई अनुरोध गर्ने। |

अध्यक्ष
प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश, पोखरा